# मित्रराष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुखहरूको नेपाल भ्रमण



महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यज्यूको मैत्रीपूर्ण निमन्त्रणामा मित्रराष्ट्र नर्वेका महालेखापरीक्षक Mr. Per Kristian Foss ले नेतृत्व गरेको तीन सदस्यीय प्रतिनिधिमण्डलले २०७१।५।१७ देखि २०७१।५।२० सम्म नेपालको औपचारिक भ्रमण गर्नुभएको थियो । भ्रमण अवधिमा विशिष्ट प्रतिनिधिमण्डलले माननीय अर्थमन्त्री, संविधानसभाका सम्माननीय अध्यक्ष तथा सम्माननीय प्रधानमन्त्रीज्यूसंग शिष्टाचार भेट गर्नुभएको थियो । यसै गरी २०७१।५।१९ मा होटल एभरेष्टमा आयोजना गरिएको महालेखापरीक्षकको स्वतन्त्रता सम्बन्धी कार्यशाला गोष्ठीमा नर्वेका महालेखापरीक्षकलगायत उहांको प्रतिनिधिमण्डलका सदस्यहरूलगायत नेपालका लागि नर्वेका महामहिम राजदूत Mr. Kjell Tormod Petterson समेत सहभागी हुनुहुन्थ्यो । उक्त कार्यशालामा व्यवस्थापिका-संसद सार्वजनिक लेखा समितिका २१ जना माननीय सदस्यहरू, सार्वजनिक लेखासमितिका सभापति माननीय श्री जनार्दन शर्मासमेत उपस्थित हुनुहुन्थ्यो भने समारोहको प्रमुख अतिथि सम्माननीय सभामुख श्री सुवाशचन्द्र नेम्बाङ्ग हुनुहुन्थ्यो । उहांले समाराहेको उद्घाटन गर्नुका साथै महालेखापरीक्षकको स्वतन्त्रता सम्बन्धमा सम्बोधनसमेत गर्नुभएको थियो । कार्यशालामा अन्य संवैधानिक निकायलगायत आमन्त्रित समेत ९० जनाको सहभागिता थियो । उक्त कार्यशालामा महालेखापरीक्षकको कार्यालयको स्वतन्त्रता सम्बन्धमा मित्रराष्ट्र नर्वेका महालेखापरीक्षक Mr. Per Kristian Foss तथा महालेखापरीक्षक श्री भानुप्रसाद आचार्य, सार्वजनिक लेखा समितिका सभापति माननीय श्री जनार्दन शर्माले विशेष प्रकाश पार्नुभएको थियो भने सहभागी माननीय सदस्यज्यूहरूबाट महत्वपूर्ण जिज्ञासा र सुझाव प्रस्तुत भएको थियो । कार्याशालामा उपस्थित विशिष्ट प्रतिनिधिहरूलाई उप-महालेखापरीक्षक श्री सुकदेव खत्रीले स्वागत गर्नुभएको थियो । उक्त कार्यशालामा नायब महालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।




यसैगरी महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यको मैत्रीपूर्ण निमन्त्रणामा मित्रराष्ट्र भियतनामका महालेखापरीक्षक Mr. Nguyen Hua Van को नेतृत्वमा दश सदस्यीय प्रतिनिधिमण्डलले २०७१।५।२४ देखि २७ गतेसम्म नेपालको मैत्रीपूर्ण भ्रमण गरेको छ । उक्त प्रतिनिधिमण्डलले सार्वजनिक लेखा समितिका सभापति माननीय श्री जनार्दन शर्माज्यूसंग शिष्टाचार भेट गर्नुको साथै नेपाल र भियतनामबीचको मित्रता र अनुभवका बारेमा विचार आदान-प्रदान गर्नुभएको थियो । मित्रराष्ट्र भियतनामका विशिष्ट प्रतिनिधिहरूबाट २०७१।५।२६ र २७ का दिन लुम्बिनीको भ्रमण समेत गरेको थियो ।



दुवै मित्रराष्ट्रका प्रतिनिधिमण्डलले महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यज्यूसंग उहांको कार्यकक्षमा भेट गरी द्विपक्षीय सहयोग र अनुभव आदान-प्रदान गर्ने विषयमा गहन छलफल भएको छ । यो भ्रमणबाट मित्रराष्ट्रहरूसंगको सम्बन्धलाई प्रगाढ र अझ मजबुत गराउन सफल हुनाको साथै द्विपक्षीय सहयोग आदान-प्रदान गर्ने विषयमा पनि उपलब्धिमूलक भएको विश्वास गरिएको छ ।